नेपाल सरकार
रक्षा मन्त्रालय
प्रेस विज्ञप्ति

मिति २०७७०३।१६ को कान्तिपुर दैनिकमा प्रकाशित (चीनको आर्थिक सहायताबाट स्वास्थ्य सामग्री ल्याउने सेनाको प्रयासमा रक्षा मन्त्रालयकै असहयोग) भन्ने समाचारप्रति यस मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको छ । नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७६/१२/१६ गतेको निर्णयानुसार Covid 19 रोकथाम, नियन्त्रण र उपचारका लागि आवश्यक पर्ने औषधी, उपकरण तथा अन्य सामग्रीहरु रक्षा मन्त्रालयले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसँग समन्वय गरी नेपाली सेना मार्फत सरकार-सरकार (G to G ) विधिबाट खरिद गर्ने भनी उल्लेख भए बमोजिम उक्त सामग्रीहरु खरिद सम्बन्धमा नेपाली सेना, जंगी अड्डाको प.सं. २३३१/५८/वि/०७६/७७/२६४७ मिति २०७६/१२/२५ को पत्रबाट Covid-19 रोकथाम नियन्त्रण र उपचारका लागि आवश्यक पर्ने औषधी, उपकरण तथा अन्य सामग्रीहरुको खरिद प्रकृया अघि बढाउन चीन, भारत, दक्षिण कोरिया, इजराइल एवं सिंगापुर लगायत मित्र राष्ट्रहरुसँग G to G Basis मा शर्तहरु प्रष्ट उल्लेख गरी सम्बन्धित राजदूतावास मार्फत आर्थिक प्रस्ताव माग गरिदिन अनुरोध भै आएकोले नेपाली सेनाको उक्त पत्रानुसार यस मन्त्रालयको च.नं. ३७४७ मिति २०७६/१२/२५ को पत्रबाट सोही पत्रको प्रतिलिपि सहित परराष्ट्र मन्त्रालयलाई अनुरोध गरिएको थियो । नेपाली सेनाको उपर्युक्त पत्रमा उल्लेख भए अनुसारको RMB १५० मिलियन बराबरको अनुदान Protocal to the Agreements between the Ministry of Defence, Nepal and the Ministry of National Defence of People's Republic of China on China's Provisions of Military Assitance of Gratis to Nepal Signed on 20 October, 2019 लाई Payment of Medicine and Medical Equipment मा convert गर्न सकिने नेपाल सरकारको दृष्टिकोण रहेको छ भनी चीन सरकारसमक्ष अनुरोध गरिएकोमा त्यसमा कुनै जवाफ प्राप्त हुन नसकेकोले महामारीको अवस्थालाई मध्यनजर गरी परराष्ट्र मन्त्रालयमार्फत चीनको सरकारी निकायसमक्ष नेपाली सेनाले नेपाल सरकारको निर्णयानुसार नै छुट्टै रकमको व्यवस्था गरी खरिद प्रक्रिया अगाडि बढाउनु पर्ने बाध्यता भएको हो । खरिद प्रकृयामा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, परराष्ट्र मन्त्रालय, रक्षा मन्त्रालय र नेपाली सेनाबाट समन्वयात्मक ढंगबाट काम भएको छ । यसमा ती निकायहरुबीच आपसमा कुनै असमझदारी रहेको छैन । समाचारमा उल्लेख भएको उपर्युक्त RMB १५० मिलियन बराबरको अनुदान चीन सरकारले नेपाली सेनालाई उपलब्ध गराउने Humanitarian Assistance and Disaster Relief (HADR) सम्बन्धी उपकरणहरुका लागि उपयोग गर्ने सम्झौता भए अनुसार सोही अनुरुपका सामग्रीहरु प्राप्त हुने क्रममा रहेको छ । अतः "चीनको आर्थिक सहायताबाट स्वास्थ्य सामग्री ल्याउने सेनाको प्रयासमा रक्षा मन्त्रालयकै असहयोग" भनी प्रकाशित उक्त समाचार तथ्यहीन र भ्रामक रहेको व्यहोरा सर्वसाधारणको जानकारीका लागि यो विज्ञप्ति जारी गरिएको छ ।

२०७७ असार १६

सन्तबहादुर सुनार
सहसचिव एवं प्रवक्ता